नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी प्रेस नोट

यस विभागबाट विभिन्न मितिमा नागार्जुन नगरपालिकासँगको संयुक्त अनुगमनमा काठमाडौं उपत्यका भित्र खाद्य पदार्थहरूको उत्पादन तथा विक्री वितरण हुने स्थलमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलका व्यवसायहरूको निरीक्षण अनुगमन तथा कारबाही गरिएको व्यहोरा सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | अनुगमन गरेको मिति | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारबाही/कैफियत |
|---|---|---|---|---|
| १. | श्रद्धा सबुरी भेज कर्नर, नागार्जुन-०१ | २०८२/१०/२२ | • पकौडा र आलुचपमा कृत्रिम रङ्गको प्रयोग गर्ने गरेको<br>• फ्रिजमा खाद्य पदार्थको भण्डारण अव्यवस्थित रहेको।<br>• मसी जन्य पत्रपत्रिकाको सिधा सम्पर्कमा आउने गरी खाद्य पदार्थ विक्री वितरण गरेको पाइयो<br>• सरसफाइको अवस्था सामान्य रहेको। | • पकाएर खाने खाद्य पदार्थमा कृत्रिम रङ्गको प्रयोग नगर्ने<br>• फ्रिजमा खाद्य पदार्थको भण्डारण व्यवस्थित गर्ने बारे निर्देशन दिएको<br>• खाद्य पदार्थको सिधा सम्पर्कमा आउने गरी मसी जन्य पत्रपत्रिका प्रयोग नगर्ने निर्देशन दिएको। |
| २. | अमृत बेकरी, थापा चोक, सिता पाइला | २०८२/१०/२६ | • उपभोग्य मिति समाप्त भएका पाँच थान कलर (color), फ्लेभर (flavor), र इमल्सन (emulsion, ५०० mL) पाइयो। | • उपभोग्य मिति समाप्त भएका पाँच थान कलर (color), फ्लेभर (flavor), र इमल्सन (emulsion, ५०० mL) जफत गरी नस्ट गरिएको। |
| ३. | चितलांग मिठाई पसल, थापा चोक, सिता पाइला | २०८२/१०/२६ | • सरसफाइको अवस्था सन्तोषजनक नरहेको<br>• मसी जन्य पत्रपत्रिकाको सिधा सम्पर्कमा आउने गरी खाद्य पदार्थ विक्री वितरण गरेको पाइयो। | • सरसफाइमा ध्यान दिने<br>• खाद्य पदार्थको सिधा सम्पर्कमा आउने गरी मसी जन्य पत्रपत्रिका प्रयोग नगर्ने निर्देशन दिएको। |
| ४. | Nepal Snacks Food, नागार्जुन-०७ | २०८२/१०/२७ | • खाद्य पदार्थ बनाउने कच्चा पदार्थ भण्डारण गर्दा प्यालेटको प्रयोग नगरी सिधा भुइँमा भण्डारण गरेको।<br>• सरसफाइको अवस्था सामान्य रहेको | • खाद्य पदार्थ भण्डारण गर्दा प्यालेटको प्रयोग गर्ने निर्देशन दिएको। |
| ५. | Swiss Food Industries, नागार्जुन-०७ | २०८२/१०/२७ | • खाद्य पदार्थ बनाउने कच्चा पदार्थ भण्डारण गर्दा प्यालेटको प्रयोग नगरी सिधा भुइँमा भण्डारण गरेको।<br>• सरसफाइको अवस्था सामान्य रहेको। | • खाद्य पदार्थ भण्डारण गर्दा प्यालेटको प्रयोग गर्ने निर्देशन दिएको। |

Bharma

डा. बाल कुमारी शर्मा
प्रवक्ता
२०८२/११/१९

# अनुगमनका केही झलकहरू








